# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. .................

मिति २०७४।२।२१

**२०७४ साल साउन सत्रमा विद्यावारिधि (Ph.D.) कार्यक्रमका लागि आवेदन माग गरिएको सूचना**

यस वर्षदेखि विद्यावारिधि कार्यक्रम पाठ्यक्रममा आधारित भएर सञ्चालन हुनेछ । यस मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तरगत २०७४ साल साउन सत्रमा विद्यावारिधि उपाधिका लागि शोधकार्य गर्न चाहने उमेद्वारहरुले संकायको लेखा शाखामा सम्पर्क गरी देहायको विवरण अनुसार दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ :

१) फारम दर्ता गर्ने मिति २०७४ साल जेठ २२ गते देखि २०७४ असार २२गते सम्म र सो दिन विदाको दिन परेमा सोको भोलीपल्ट सम्म हुनेछ र विलम्ब शुल्क तिरेर असार मसान्त गतेसम्म हुनेछ ।

२) आवेदन दिनेहरुको न्युनतम योग्यता तथा पेश गर्नु पर्ने कागजातहरु निम्नानुसार हुने छ :

क) विद्यावारिधि गर्न चाहेको विषयमा स्नातकोत्तर तहमा कम्तीमा द्वितीय श्रेणिमा वा GPA 3.0 वा सो सरहको परीक्षा उतीर्ण गरेको हुनु पर्दछ ।

ख) भर्ना हुनका लागि प्रवेश परीक्षाका फारम भर्दा नै एस एल सी देखि स्नातकोत्तर तहसम्मका प्रमाणपत्र तथा नागरिकताको प्रमाण पत्र पेश गर्नु पर्दछ ।

ग) प्रवेश परीक्षामा उतीर्ण शोधार्थीहरुलाई मात्र भर्ना हुनका लागि अनुमति दिइने छ ।

ग) एम फिल गरेका आवेदकहरुको हकमा एस एल सी देखि एम फिलको प्रमाणपत्र एक एक प्रति, तीन प्रति प्रस्ताव तथा तीन प्रति एम फिलको शोध प्रवन्धको साराँश (Executive Summary)सहित तीनवटा फायलमा राखी फारम सहित बुझाउनु पर्ने छ ।

३) विद्यावाधिरिधिका लागि आवेदन दिन खुल्ला गरिएका विषयहरु र सिट संख्या :

क) अङ्ग्रेजी, ख) नेपाली, ग) मैथिली, घ) नेपाल भाषा, ङ) हिन्दी, च) भाषा विज्ञान, छ) मनोविज्ञान, ज) गृहविज्ञान, झ) अर्थशास्त्र, ञ) राजनीति शास्त्र, ट) भूगोल, ठ) इतिहास, ड) नेपाली इतिहास, संस्कृति तथा पुरातत्व, ढ)जनसंख्या अध्ययन, ण)ग्रामिण विकास, थ) समाजशास्त्र, द) मानवशास्त्र, ध) संस्कृत, न) पत्रकारिता, प) बौद्ध अध्ययन, फ) लैङ्गिक अध्ययन संख्या ।

माथि उल्लिखित विषयहरु भर्ना हुनका लागि प्रत्येक विषयमा अधिकतम १५ जना सम्मलाई मात्र भर्ना लिइनेछ ।

प्रा. डा. राजकुमार पोखरेल
सहायक डीन

त्रि.वि. केन्द्रीय प्रशासनिक भवन, कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०
फ्याक्सः + (९७७-१) ४-३३५१०४; E-mail: support@tufohss.edu.np Website: www.tufohss.edu.np